**दिपायल सिलगढी नगरपालिका**

**स्थानीय राजपत्र**

वर्ष ३, अंक ४, संख्या १४ दि.सि.न.पा. डोटी स्थानीय राजपत्र, भाग ०३ मिति : २०७६।१२।०५

**भाग ३**

**स्थानीय सरकार**

**दिपायल सिलगढी नगरपालिकाको सूचना**

दिपायल सिलगढी नगरपीलिकाको नगरसभाले वनाएको तल लेखिए वमोजिमको ऐन सथनीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीकालाीग प्रकाशन गरिएको छ ।

# सम्वत २०७६ सालको कार्यविधि नं. १४

# आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६

**प्रस्तावना :–** नगरपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्यून आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर, पक्षघात तथा मस्तिष्क घात लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्यासित कारणवाट सृजना भएको विशेष परिस्थितिको सामना गरिरहेका नागरिकहरुलाई तत्काल केही राहत उपलब्ध गराउन आवश्यक देखिएकाले आर्थिक सहायता कोष स्थापना र संचालन गर्न वाञ्छनिय भएकोले, यो कार्यविधि लागु गरिएको छ ।

दिपायल सिलगढी नगरकार्यपालिकाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम निर्माण गरी आर्थिक सहायता कोषलाई व्यवस्थित, प्रभावकारी र मित्तव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न यो आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ लाई नगरकार्यपालिकाको मिति २०७६/११/३० मा बसेको ४८ औ बैठकले स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः–** (१) यस कार्यविधिको नाम आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ रहेको छ ।

(२) यो कार्यविधि तत्काल लागु गरिनेछ ।

**२. परिभाषा** :– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यविधि भन्नाले दिपायल सिलगढी नगरकार्यपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ लाई सम्झनु पर्दछ ।

ख. कोष भन्नाले दिपायल सिलगढी नगरकार्यपालिकाको आर्थिक सहायता कोषलाई बुझ्नुपर्छ ।

ग. कार्यपालिका भन्नाले दिपायल सिलगढी नगरकार्यपालिकालाई सम्झनुपर्छ ।

घ. आर्थिक सहायता भन्नाले भुकम्प, वाढी, पहिरो, आगलागी, जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायत मानवीय जीवनमा दीर्घकालिन असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर, मस्तिष्कघात तथा पक्षघात जस्ता दीर्घरोगबाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आर्थिक सहायतालाई बुझ्नुपर्छ ।

## परिच्छेद २

## <u>कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति</u>

**३. अवधारणा**

दिपायल सिलगढी नगरपालिकामा हुने प्राकृतिक तथा मानव सृर्जित विपदवाट प्रभावित व्यक्ति, परिवार तथा संघ⁄संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्युन आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशित घटनामा परि अंगभंग भएकाहरुलाई पहिचान गरी राहत सहयोग पुर्‍याउन यस प्रकारको कोषको स्थापना भएको छ ।

**४. लक्ष्य**

प्राकृतिक तथा मानव सृर्जित विपदको प्रकोपमा परेका व्यक्ति, परिवार तथा संघ⁄संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अगंभगं भएकाहरुलाई तत्काल राहत सहयोग पुयाउन र अप्रत्याशित स्थितिमा गरिने कार्यहरु गरी राहत उपलब्ध गराउनुनै कोषको लक्ष्य रहेको छ ।

**५. उद्देश्य**

(१) विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराई पुन:स्थापना गर्ने तर्फ उन्मुख गराउने,

(२) नगरपालिकको कार्यक्षेत्र भित्र भैपरी आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरी क्षति न्युनिकरण गर्ने,

**६. निति**

(१) विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराई पुन:स्थापना तर्फ उन्मुख गराउने,

(२) गाउंपालिकाको कार्यक्षेत्र भित्र भैपरि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरी क्षति न्युनिकारण गर्ने,

(३) स्थानिय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परी अंगभंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३

## <u>कोष स्थापना</u>

७. कोष स्थापना:– (१) आर्थिक सहायता कोष नामक एक कोषको स्थापना हुनेछ ।

(२) यस कोषको नामं दिपायल सिलगढी नगरपालिका आर्थिक सहायता कोष रहने छ ।

८. कोषमा जम्मा हुने रकम:– (१) नगरसभावाट आर्थिक सहायता कोषका लागि वार्षिक रुपमा विनियोजन हुने

रकम,

(२) दातृ निकाय, गैर सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुवाट कोषलाई प्राप्त हुने रकम,

## परिच्छेद ४
## कोषको रकम परिचालन सम्बन्धी व्यवस्था

९. **कोषवाट खर्च हुने क्षेत्र:–** (१) कोषवाट प्राकृतिक विपदवाट भएका धनजनको क्षति र दीर्घरोग लागेका

| क्र.स | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षतिको विवरण) | सामाग्री तथा नगद सहयोगी | |
|---|---|---|---|
| | | तत्काल उपलब्ध गराउने राहत सामाग्री | सहयोग गर्ने रकम |
| १ | घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सम्पुर्ण समाग्री समेत नष्ट । | पाल थाल १, खाना पकाउने तथा खाने भाडा १ सेट, १ हप्ताको लागि आवश्यक पर्ने खाद्यान्न । | रु ५००० देखि २०००० सम्म । |
| २ | घर जलेर/बगेर/पुरिएर सम्पुर्ण समाग्री समेत नष्ट । | | रु ५००० देखि १५००० सम्म । |
| ३ | घर र गोठ दुवै जलेर सम्पुर्ण सामाग्री समेत नष्ट भएका र मानिसको समेत मृत्यु भएमा । | | रु १०००० देखि ५०००० सम्म । |
| ४ | घर र गोठ दुवै जलेर सम्पुर्ण सामाग्री समेत नष्ट भएका र पशुको समेत मृत्यु भएमा । | | रु ५००० देखि २०००० सम्म । |
| ५ | गोठ मात्र जलेर र पशुको समेत मृत्यु भएमा । | | रु २००० देखि ५००० सम्म । |
| ६ | गोठ जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट । | | रु ५००० देखि २०००० सम्म |
| ७ | प्राकृतिक प्रकोप तथा दुर्घटनाकमा परी घाइते भएका व्यक्तिहरुको लागि अस्पाताल गई उपचार गर्न सहयोग । | | रु २००० देखि ५०००० सम्म । |
| ८ | न्यून आर्थिक स्थिति भएका र स्वास्थ्य उपचार गर्न कठिनाई भएका व्यक्तिलाई आर्थिक सहयोग । | | रु २००० देखि ५०००० सम्म । |
| ९ | अन्य अवस्थाको सहयोग क्षेत्र आवश्यकताअनुसार | | रु २००० देखि २०००० सम्म । |

विपन्न परिवारका सदस्यको उपचार खर्चको लागि आर्थिक सहयोग उपलब्ध गराउने सक्नेछ ।

(२) प्राकृतिक विपद जस्तै, आगलागी, वाढी पहिरो तथा अन्य कारणवाट धनजनको क्षति भएमा देहाय अनुसारको सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) **विभिन्न जटिल तथा दीर्घरोग जस्तैः–** क्यान्सर, मुटु रोग मृगौला राग, पक्षघात तथा मत्सिष्कघात, जस्ता रोग लागि उपचार प्राप्त गर्न समस्यामा परेका गरिब/विपिन्न सदस्यको लागि रोगको प्रकृति र निजको आर्थिक अवस्था हेरी प्रति व्यक्ति रु.१०,००० देखि ५०,००० सम्म उपचार खर्च उपलब्ध गराउन सकिनेछ ।

**१०. सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातः–** (१) नगर कार्यपालिकाको कार्यालयमा दफा ९ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न यसै दफाको उपदफा (२) र(३) बमोजिमका कागजातहरु पेश गर्नुपर्दछ ।

**(२) प्राकृतिक विपदवाट धनजनको क्षेति सन्दर्भमा पेश गर्नुपर्ने कागजातहरु ।**

(क) निवेदन ।
(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस ।
(ग) सम्बन्धित प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन ।
(घ) क्षतिको फोटो (तस्विर सहित) ।
(ङ) आवश्यक भएमा क्षतिको प्राविधिक मुल्याकंन ।
(च) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिश पत्र ।
(छ) अन्य आवश्यक प्रमाणहरु ।
(३) नगरपालिकाले औषधी उपचारका लागि सहयोग उपलब्ध गराउदा निम्न प्रक्रिया अवलम्बन गर्नेछः

(क) सम्बन्धित व्यक्ति वा निजका अभिभावक वा निजको संरक्षकको निवेदन,

(ख) निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जांच गर्ने स्वीकृत चिकित्सकले जाच गरेका प्रमाणका प्रतिलिपी, जस्ता कागजात निवेदन दिने मिति भन्दा १ एक महिना पुरानो भएमा मान्य हुने छैन,

(ग) सम्बन्धित चिकित्सकले उपचारका लागि लेखी दिएका औषधीहरुको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको विवरण,

(घ) कडा रोग लागि अप्रेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्चलाग्ने भएमा सोको लागि मेडिकल वोर्डको सिफारिस सम्बन्धी कागजपत्र,
(ङ) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफरिश पत्र ।

११. आर्थिक सहयोगको निर्णय : (१) दफा १० बमोजिम प्रकृया पुरा गरी सहयोग माग भएमा रु.१००००/– (दशहजार)

सम्मको हकमा नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई सोझै आदेश गर्न सक्नेछ ।

(२) उपदफा (१) मा तोकिएको भन्दा माथिको आर्थिक सहायता रकम उपलब्ध गराउनु परेमा कार्यपालिकाको बैठकले निर्णय गर्नूपर्नेछ ।

(३) दफा ९ को उपदफा (२) बमोजिमको सामाग्री तत्काल उपलब्ध गराउने प्रमुख प्रशासकीय अधिकृतले सोझै आदेश गर्न सक्नेछ ।

(४) औषधी उपचार सहयोग उपलब्ध गराउंदा नरपालिका सामाजिक विकास शाखा (स्वास्थ्य) शाखा बाट उठान भई आर्थिक प्रशासन शाखा समेतको बजेट सम्बन्धी राय लिई प्रमूख प्रशासकीय अधिकृत समक्ष पेश हुनेछ ।

## परिच्छेद ५
## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

**१२. कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था :–** (१) कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ६
## विविध

**१३. आर्थिक सहायता कोषको रकममा बृद्धि गर्न सक्ने:–** (१) नगरपालिका नगरसभाबाट स्वीकृत गराई आर्थिक सहायता कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

**१४. जाच पास तथा फरफारक** (१) कोष वाट खर्च भएको रकमको जांच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. कार्यविधिको संसोधन:–**(१) यस कार्यविधिलाई नगरकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

**१६. बचाऊ र खारेजी:–** (१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन बमोजिम तथा निर्देशिका वमोजिम हुनेछ ।

२) कुनै कारणबाट कोष संचालन हुनु नसकेमा वा कोषको औचित्य नदेखेमा नगरकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

३) यस अघी भएका आर्थिक सहायता सम्बन्धी भएका सम्पूर्ण कार्यहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

**आज्ञाले**
**खेमराज गुरुङ्ग**
**नि. प्रमुख प्रशासकिय अधिकृत**